# नेपाल फाईनान्स लिमिटेडको
# दोस्रो बिशेष साधारण सभाको
# निर्णय (अभिलेख)

**१. सभाको वैधानिकता :**

नेपाल फाईनान्स लिमिटेडको मिति २०७८/०२/१२ बुधबार (२६ मई, २०२१) मा बसेको संचालक समितिको ३३९ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र नेपाल फाईनान्स लिमिटेडको प्रबन्धपत्र तथा नियमावली बमोजिम बिशेष साधारणसभा २०७८ साल जेठ २८ गते शुक्रवार हुने निर्णय भई मिति २०७८/०२/१३ को अन्नपुर्ण पोस्ट् राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरी पुन: मिति २०७८ जेठ २१ गतेका दिन अन्नपुर्ण पोस्ट् राष्ट्रिय दैनिकमा दोस्रो पटक सूचना समेत प्रकाशित गरी यस वित्तीय संस्थाको दोस्रो बिशेष वार्षिक साधारण सभा वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल भै देहाय बमोजिम निर्णय गरियो ।

**२. सभाको मिति, समय र स्थान :**

मिति : २०७८ साल जेठ २८ गते (तदनुसार ११ जुन २०२१ ) शुक्रबार ।

स्थान :संस्थाको केन्द्रीय कार्यालय, कमलादी, काठमाडौ (Webinar मार्फत संचालन गरिने)।

समय : विहान ११:०० बजे ।

**३. सभाको सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम संस्थाको दोस्रो बिशेष साधारणसभाको सूचना तथा संचालक समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदन एवं वित्तीय विवरण समेत शेयरधनीहरुले संस्थामा उपलब्ध गराएको ठेगानामा पठाइएको तथा संस्थाको केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको थियो । शेयरधनीहरुको सुबिधालाई ध्यानमा राखी संस्थाको वेभसाईट www.nepalfinancelimited.com.np बाट पनि जानकारी लिन सकिने व्यवस्था मिलाईएको थियो ।

**४. छलफलको विषयहरु :**

**क) बिशेष प्रस्तावहरु :**

१. नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई छलफल गरि पारित गर्ने ।

२. नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनको लागि मुल्याङ्कनकर्ता HTC and Associates| Chartered Accountants ले तयार गरेको ललितपुर फाइनान्स लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) अन्य विवरण तथा सम्बद्ध व्यवस्था र सम्झौताको आधारमा संयुक्त प्राप्ति (एक्विजिसन) समितिबाट निर्धारण गरिएको ललितपुर फाइनान्स लिमिटेडको १ कित्ता बराबर नेपाल फाइनान्स लिमिटेडको १ कित्ता (१:१) हुने गरी तय गरिएको शेयर अनुपात(Share Swap Ratio) लाई स्वीकृत/पारित गरी प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धी कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने ।



Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

३. नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनको लागि दुवै संस्थाको चल/अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) दुवै संस्थाको संयुक्त प्राप्ति समितिबाट नियुक्त (मुल्याङ्कनकर्ता) HTC and Associates| Chartered Accountants को नियुक्ती तथा सोको पारिश्रमिक रु.४,००,०००।०० कर बाहेक लाई अनुमोदन गर्ने ।

४. नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा भएको संस्था प्राप्ति सम्बन्धि भएको समझदारीपत्र (Memorandum of Understanding) संयुक्त प्राप्ति समितिबाट भए गरेका काम कारबाही एवम् निर्णयहरु र अन्तिम सहमति/सम्झौतापत्र अनुमोदन गर्ने ।

५. नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा भएको सम्झौता बमोजिमको स्वीकृतीको लागि नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड) आदिमा निवेदन गर्न र प्राप्ति सँग सम्बन्धित प्रचलित कानुन निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु एंव प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम लगत कट्टा, आबश्यक संसोधन/परिमार्जन लगायतका कागजातहरु तयार गर्ने विवरण उपलब्ध गर्न गराउन लगायतका कार्य गर्न नेपाल फाइनान्स लिमिटेडको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

६. नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरिसकेपछि संस्थाको प्रबन्धपत्र तथा नियमावलिमा आवश्यक संशोधन, हेरफेर तथा उपयुक्त व्यवस्था गर्न र संस्थालाई आवश्यक पर्ने अन्य निति, नियमहरु संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ख) विविध**

**५. उपस्थिति :**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | प्रा.श्री हिरेन्द्रमान प्रधान | अध्यक्ष |
| २. | श्री चन्द्रकुमार राई | सञ्चालक |
| ३. | श्री दिप्रश शाक्य | सञ्चालक |
| ४. | श्री राजन प्रजापती | सञ्चालक |
| ५. | श्री लक्ष्मी महर्जन | सञ्चालक |
| ६. | श्री रोजीना श्रेष्ठ | सञ्चालक |
| ७. | श्री आनन्दकृष्ण ताम्राकार | स्वतन्त्र सञ्चालक |

**५.२ आमन्त्रित व्यक्तित्वहरु**

| | | |
|---|---|---|
| १. | श्री कमलप्रसाद निरौला | कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री बासु थपलिया | प्रभु क्यापिटल लि. |

**५.३ वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | श्री उध्दबराज थपलिया |
| २. | स. प्रमुख कार्यकारी अधिकृत | श्री बिष्णुप्रसाद गौतम |



Nepal Finance Limited
NEFINSCO Corporate Office Kathamndu 2049

५.४ **शेयरधनीहरुको उपस्थिति**

जम्मा उपस्थित संख्या

६. **गणपुरक संख्या कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप )**

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या "क" "ख"समूह | ४१२८ | ९ जनाको स्वयम उपस्थिति ९,१९,१७६<br>३७ वटा प्रोक्सिद्धारा ६,६८,२११<br>भर्च्युअलद्धारा १० जना १,४८९ | ५२ % |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ३०५५५११ | | |

७. **सभाको वैधानिकता र सभाको सभापतित्व**

७.१ कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम बिशेष साधारणसभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारणसभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तिमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको यस वार्षिक साधारणसभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ९ तथा भर्च्युअलमा १० जना को उपस्थित भएको र कुल शेयरको ५२ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारणसभाको गणपुक संख्या पुगेको र प्रचलित कम्पनी कानुन अनुसार सभा वैधानिक भएको जानकारी गराई सभा बैधानिक भएको व्यहोरा समथर्नका लागि अनुरोध गरी सभामा उपस्थित शेयरधनीमहानुभाबहरुले सभा बैधानिक भएको घोषण गर्दै सभा अगाडी बढाउन अनुमती प्राप्त भयो ।

७.२ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यू बाट हुने कार्यक्रम संचालकले जानकारी गराउदै दिनको बिहान ११.१५ बजे अध्यक्ष प्रा. श्री हिरेन्द्रमान प्रधान ज्यूको सभापतित्वमा संस्थाको बिशेष साधारणसभा शुरु गर्न कार्यक्रम संचालकलाई सभापतिज्यूबाट निर्देशन भयो ।

७.३ सभाका सभापति ज्यूले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनीहरुलाई स्वागत गर्नुभयो र उपस्थित सञ्चालकहरुको परिचय दिनु भई सभाको कार्य अगाडि बढाउनु भयो ।

७.४ सभापति ज्यूको अनुमतिले आजको यस बिशेष साधारण सभामा छलफलको मुख्य प्रस्ताव नेपाल फाईनान्स लि. ले ललितपुर फाईनान्स लि. लाई प्राप्ति गर्ने सम्बन्धी रहेकोमा संस्थाका संचालक एवम् संयुक्त प्रप्ति समितका संयोजक श्री दिप्रश



Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

शाक्यज्यूले स्वागत मन्तब्य राख्दै संयुक्त प्राप्ति समितिले सम्पादन गरेका मुख्य कार्यहरुको बारेमा समेत प्रकाश पार्नुभएको थियो ।

## ८. प्रतिवेदनको प्रस्तुति

८.१ सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलको विषय सूची अनुसार सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले संचालक समितिको प्रस्तुत प्रतिवेदन बिशेष साधारण सभा समक्ष राख्नुभयो ।

८.२ सभापतिज्यूले बिशेष प्रस्तावहरुबारे छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ९. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु

९.१ सभामा निर्धारित बिशेष प्रस्तावहरुको विषय सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप बिशेष साधारण सभामा प्रस्तुत भएका विशेष प्रस्ताव बारे छलफलका लागि आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरु छलफलमा सहभागी हुँदै देहाय अनुसार प्रश्न, मन्तव्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री महेन्द्र बहादुर श्रेष्ठ
२. श्री चन्द्रनारायण श्रेष्ठ
३. श्री शिब प्रसाद पौडेल

## १०. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलको क्रममा शेयरधनीहरुले बुँदागत रुपमा देहाय बमोजिम धन्यवाद तथा बधाईको साथसाथै जिज्ञासा, सुझाव एवं विचार व्यक्त गर्नुभएको थियो ।

**१ सर्वसाधारण शेयरधनी श्री महेन्द्र बहादुर श्रेष्ठ**

दुबै संस्थाहरु भर्खर मात्र समस्याग्रस्त अबस्थाबाट मुक्त भएकाले विगतका अनुभबहरुबाट पाठ सिक्दै संस्थागत सुशासनलाई प्राथमिकतामा राखी कर्जा लगानीमा सजकता अपनाउनु हुन , लगानीकर्ताको चाहाना जहिल्यै पनि लाभांश संग रहने हुँदा आगामी बर्षमा नाफादिने गरी कार्य गर्नुहुन र यसै आर्थिक बर्ष भित्र एकिकृत कारोबार सम्पन्न गर्नेगरी कार्ययोजना तयार गर्नुहुन साथै संस्थाको साखः बृद्धिका लागि निक्षेपकर्तालाई विश्वासको वाताबरण सृजना गर्नुहुन ।

**२ सर्वसाधारण शेयरधनी श्री चन्द्रनारायण श्रेष्ठ**

समस्याग्रस्त अबस्थाबाट फुकुवा भएको छोटो समयमानै संस्थालाई आजको अबस्थामा ल्याइपुर्‍याउनु भएकोमा संस्थाका अध्यक्ष, संचालक तथा प्रमुख कार्यकारी अधिकृतलाई धन्यवाद तथा आगामि दिनको लागि शुभकामना व्यक्त गर्नुभयो साथै फाइनान्स कम्पनीको आ-आफ्नै स्तरका ग्राहकहरु हुने भएकोले आफ्नो अस्तित्व कायम रहने

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

गरी व्यबसाय बिस्तार तथा पृथक पहिचान हुने गरी उत्कृष्ठ कार्य गर्नका लागि समेत सुझाव एंव शुभकामना व्यक्त गर्नुभयो ।

३. **सर्वसाधारण तर्फका शेयरधनी श्री शिबप्रसाद पौडेल**
हालको बिषम परिस्थितिमा समेत बिशेषसाधारण सभा सम्पन्न हुन गइरहेकोमा धन्यबाद साथै यसै आ.ब.भित्रमा एकिकृत कारोबार सम्पन्न गर्ने गरी कार्य अगाडी बढाउनका लागि तथा कर्जा लगानीका क्षेत्रहरुलाई विविधिकरण गर्दै विपन्न बर्गकर्जालाई समेत प्राथमिकतामा राखी कार्य गर्नुहुन सुझाव व्यक्त गर्नुभयो ।

**११. छलफलका क्रममा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा, सुझाव एवं प्रश्नहरुको जवाफ्**
छलफलका क्रममा शेयरधनी महानुभावहरुबाट व्यक्त भएका सुझाव, जिज्ञासा, धारणा, मन्तव्य तथा प्रश्नहरुको जवाफ दिन सभाका सभापति प्रा.श्री हिरेन्द्रमान प्रधान तथा उहाँको अनुमतिबाट प्रमुख कार्यकारी अधिकृत श्री उध्दबराज थपलिया ज्यू एवं अध्यक्ष स्वयं हिरेन्द्रमान प्रधान ज्यूले साधारण सभा समक्ष दिनुभएको जवाफ निम्नानुसार छ :

**क) अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानः**

- छलफलका क्रममा आफ्नो अमुल्य सल्लाह एंब सुझाबका लागि हृदयदेखि आभार प्रकट गर्दै आगामि दिनहरुमा यस्तै सुझाब तथा मार्गदर्शनहरु प्राप्त भइरहने आशा व्यक्त गर्दछु ।
- खराब कर्जा अनुपात लाई निर्धारित सिमामा ल्याउनका लागि संस्थाले बिबिध औजारहरु प्रयोग गरिरहेको तथा कानुनी आधारहरुको यथार्थताको जानकारी सहित कर्जा असुली प्रकृया अघि बढिरहेको कारण ले गर्दा खराब कर्जा असुली प्रकृयाबाट सकारात्मक नतिजा प्राप्त हुनेमा बिश्वास गरेका छौं ।
- प्रतिवेदनका वारेमा व्यक्त सुझाव र सल्लाह सकारात्मक भएको र स्वस्थ सुझाववाट संस्था गतिशिल वन्ने हुनाले यस्ता सुझाव र सल्लाहको निरन्तरताको अपेक्षा सहित धन्यवाद तथा आभार प्रकट गर्दछु ।

**ख) प्रमुख कार्यकारी अधिकृत श्री उध्दबराज थपलिया**

- दुबै संस्थाहरु भर्खर मात्र समस्याग्रस्त अबस्थाबाट मुक्त भएकाले विगतका अनुभबहरुबाट पाठ सिक्दै संस्थागत सुशासनलाई प्राथमिकतामा राखी व्यबसाय बिस्तारका लागि कर्जा लगानी तथा खराब कर्जा असुलीलाई थप प्राथमिकतामा राखिएको बारे जानकारी गराउनुभयो ।
- आगामि आ.ब.भित्रमा लगानीकर्ताहरुलाई लाभांश वितरण गर्नसक्ने गरी योजना तर्जुमा गरी अगाडी बढिएको जानकारी गराउनुभयो ।
- खराब कर्जा असुलीलाई प्रभाबकारी कार्यान्वयनकालागि एउटा छुट्टै विभाग खडा गरी कार्य अगाडी बढाइने जानकारी गराउनु भयो ।



Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

- यसै आ.ब. भित्रमा एकिकृत कारोबार सम्पन्न गर्नेगरी समयतालिका तयार पारिएकोबारे जानकारी भयो साथै शेयरधनीमहानुभावबहरुबाट प्राप्त सकारात्मक सुझावहरुलाई मार्गनिर्देशनको रुपमा लिई आगामी बर्षहरुमा कार्यान्वयन गर्नेगरी कार्यसंचालन र योजना तर्जुमा गरिने व्यहोरा जानकारी गराउनुभयो ।

अब प्रस्तावित प्रस्तावहरु क्रमश: पारित गरि निर्णय गर्नेतर्फ सबैको ध्यानाकर्षण गर्न चाहन्छु ।

१२. **सभाको निर्णयहरु**

**क) विशेष प्रस्ताव तर्फ:**

१) नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको बिशेष प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

२) नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनको लागि मुल्याङ्कनकर्ता HTC and Associates| Chartered Accountants ले तयार गरेको ललितपुर फाइनान्स लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) अन्य विवरण तथा सम्बद्ध व्यवस्था र सम्झौताको आधारमा संयुक्त प्राप्ति (एक्विजिसन) समितिबाट निर्धारण गरिएको ललितपुर फाइनान्स लिमिटेडको १ कित्ता बराबर नेपाल फाइनान्स लिमिटेडको १ कित्ता (१:१) हुने गरी तय गरिएको शेयर अनुपात(Share Swap Ratio) लाई स्वीकृत/पारित गरी प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धी कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

३. नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनको लागि दुबै संस्थाको चल/अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) दुवै संस्थाको संयुक्त प्राप्ति समितिबाट नियुक्त (मुल्याङ्कनकर्ता) HTC and Associates| Chartered Accountants को नियुक्ती तथा सोको पारिश्रमिक रु.४,००,०००।०० कर बाहेक लाई अनुमोदन गर्ने निर्णय गरियो ।

४) नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा भएको संस्था प्राप्ति सम्बन्धि भएको समझदारीपत्र (Memorandum of Understanding) संयुक्त प्राप्ति समितिको निर्णयहरु ,अन्तिम सहमति/सम्झौतापत्र सम्झौताहरुको अनुमोदन गर्ने सम्बन्धी बिशेष प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

५) नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा भएको सम्झौता बमोजिमको स्वीकृतीको लागि नियमनकारी निकायहरु ( नेपाल राष्ट्र बैंक , कम्पनी रजिष्ट्रारको कार्यालय , नेपाल धितोपत्र बोर्ड , नेपाल स्टक एक्सचेन्ज लिमिटेड ,सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ) आदिमा निवेदन गर्न र प्राप्ति सँग सम्बन्धित प्रचलित कानुन निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु एंव प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम लगत कट्टा, आबश्यक संसोधन/परिमार्जन लगायतका कागजातहरु तयार गर्ने



Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathmandu
2049

विवरण उपलब्ध गर्न गराउन लगायतका कार्य गर्न नेपाल फाइनान्स लिमिटेडको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने बिशेष प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

६) नेपाल फाइनान्स लिमिटेडले ललितपुर फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरिसकेपछि संस्थाको प्रबन्धपत्र तथा नियमावलिमा आवश्यक संशोधन , हेरफेर तथा उपयुक्त ब्यबस्था गर्न र संस्थालाई आबश्यक पर्ने अन्य निति नियमहरु संसोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

## ख. बिबिध

बिबिध अर्न्तगत छलफल गर्नुपर्ने अन्य केहि प्रस्ताव नभएको/नआएको ।

## घ. धन्यवाद ज्ञापन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि बिशेष साधारण सभाका सभापति एवं वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधान ज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु, संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव, अमूल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु, अतिथिहरु, पत्रकार बन्धुहरु संस्थालाई सधैं सहयोग पुऱ्याउनु हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, अन्य नियमनकारी निकायहरु तथा आदरणीय ग्राहकवर्ग तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नुभयो । साथै संस्थाको व्यवस्थापन तथा सम्पूर्ण लगनशिल कर्मचारीवर्गलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

## ङ. सभा विसर्जन

सभापतिज्यूले सभा सञ्चालन गर्न उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि पुनःधन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै दिउसो १२:२५ बजे सभा विसर्जन गर्नुभयो ।

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

उध्दबराज थपलिया
प्रमुख कार्यकारी अधिकृत

प्रा.श्री हिरेन्द्रमान प्रधान
अध्यक्ष